# भेरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

खलंगा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

Ph: 089430002
Email:bherimun@gmail.com
Web: bherimun.gov.np

पत्र संख्या: २०७९।०८०
चलानी नं:

मिति:२०७९/११/०३

**विषय : प्रस्ताव आब्हानको सुचना ।**

(प्रथम पटक सुचना प्रकाशित मिति २०७९/११/०३)

कर्णाली प्रदेश सरकारबाट आ.ब. ७९/८०को वार्षिक स्वीकृत कार्यक्रम अनुसार होमस्टे व्यवस्थापन तथा संचालन तर्फ यस नगरपालिकाको वडा नं. ३ मा होमस्टे प्रवर्द्धन कार्यक्रममा रु १००००००।(अक्षरुपी दश लाख रुपैया मात्र) विनियोजित एवं स्वीकृत गरेकाले प्रदेश सरकारबाट जारी होमस्टे संचालन तथा व्यवस्थापन कार्यविधि,२०७५ बमोजिम संचालन र व्यवस्थापन भै रहेका होमस्टे समिति/ संचालकहरुको जानारीको लागि होमस्टे संचालन तथा व्यवस्थापन कार्यविधि २०७५ बमोजिम यो सुचना प्रकाशित गरिएको छ । कर्णाली प्रदेश भित्रका पर्यटकलाई आवास,खाना र अन्य सेवा प्रदान गर्ने उद्धेश्यले सामुहिक रुपमा संचालन गरिएको सामुदायिक होमस्टे संचालन भएका स्थानमा होमस्टे संचालनसंग सम्वन्धित पर्यटक सुचना केन्द्र,सामुदायिक भवन ,वहुउद्देस्यीक भवन,सार्वजनिक सभागृह,प्रदर्शनी स्थल,हस्तकला केन्द्र,कोसेली घर सौगात गृह,सांस्कृतिक संग्रहालय,सार्वजनिक पुस्तकालय ,पार्क/ उद्याम भ्यूटावर, प्रवेशद्धार,पदमार्ग,ढुंगेमार्ग,फोहोर मैला प्रशोधन तथा व्यवस्थापन प्लान्ट,स्वच्छ खानेपानिको प्रबन्ध,ढल व्यवस्थापन इन्टरनेट वा टेलिफोन वा विद्युत सुविधा वा यस्तै प्रकृतिका अन्य पूर्वाधार निमार्ण विकास विस्तार,पुनर्स्थापन गर्ने जस्ता कार्यक्रमका साथै स्थानीय कला संस्कृति,भाषा,गित,संगित,नृत्य,नेपालका मौलिक भोजन लगायत यस्तै सांस्कृति,पुरातात्विक,प्राकृतिक पर्यावरणीय महत्वका विषयहरुको संरक्षण,प्रथर्दन र दीगो उपयोगमार्फत पर्यटन विकास तथा स्थानीय समुदायहरुको आयआर्जनमा वृद्धी गर्न इच्छुक भइ दर्ता भएका सामुदायिक होमस्टे संचालन व्यवस्थापन समिति / संचालकहरुबाट देहाय बमोजिमका कागजातहरु सहित प्रस्ताव आब्हान गरिन्छ । यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र होमस्टेमा संचालन तथा व्यवस्थापन कार्यविधि २०७५ को अनुसूची ६ बमोजिम प्रस्ताव पेश गर्नु पर्नेछ ।

प्रस्तावको ढाँचा उद्योग,पर्यटन वन तथा वातावरण मन्त्रालयको वेबसाइट http//moitfe.karnali.gov.np मा उपलब्ध होमस्टेमा संचालन तथा व्यवस्थापन कार्यविधि,२०७५ को अनुसुची ६ मा राखिएको छ । प्रस्तावको ढाँचा कार्यालय समयभित्र सम्बन्धित कार्यकालयबाट प्राप्त गर्न सकिनेछ । प्रस्तावको ढाँचामा उल्लेखित सम्पूर्ण विवरणका साथै (क) **होमस्टे संचालनको दर्ता नविकरण गरिएको प्रमाणपत्रको प्रतिलिपि (ख) स्थानीय तहको सिफारिस (ग) अन्य साझेदार संस्था भए सो सम्बन्धि विवरण र (घ) कार्यक्रम संचालन गर्ने सामुहिक प्रतिवद्धताको निर्णय प्रतिलिपि** संलग्न गर्नु पर्नेछ । प्रस्तावको मुल्याकंन विस्लेषण तथा छनौट सम्बन्धि बिस्तृत विवरण होमस्टे संचालन तथा व्यवस्थापन कार्यविधि ,२०७५ बमोजिम हुनेछ ।

**प्रस्ताव पेश गर्ने स्थान**
भेरी नगरपालिका नगर कार्यपालिको,कार्यालय
खलंगा,जाजरकोट
कर्णाली प्रदेश ,नेपाल

**नोट : प्रस्ताव पेश गर्दा सामुदायिक वा निजी होमस्टे के हो स्पष्ट खुलाई पेश गर्नुपर्ने छ ।**

प्रमुख प्रशासकीय अधिकृत

CamScanner